


# शिक्षा कार्यक्रम



## परिकल्पना

बालबालिकाहरु जीवनका लागि शिक्षित हुनेछन्



## लक्ष्य

३-८ वर्षका बालबालिकाहरूको गुणस्तरीय, सुरक्षित र समावेशी शिक्षामा पहुँच हुनेछ



## उपलब्धिहरू

- बालबालिकाहरूले बोधसहित पढ्न सक्नेछन्
- विद्यालयमा अभिभावकहरूको सहभागिता बढ्नेछ
- बालबालिकाहरु विद्यालय शिक्षाका लागि तयार हुनेछन् तथा घरमा सिक्नेछन्
- बालिका तथा सुविधाबाट वञ्चित समूहहरूले थप समतामूलक सिकाइ उपलब्धिहरू हासिल गर्नेछन्
- विद्यालयमा सिकाइ वातावरण सुरक्षित परिस्कृत हुनेछ
- गुणस्तरीय शिक्षाका लागि सामाजिक जवाफदेहिता बढ्नेछ

## हामीले के हासिल गर्नेछौं ?

**७,०२०**
विद्यार्थीहरूको (कक्षा १-३ का) पढाइ सीपमा सुधार हुनेछ

**२,४५७**
नयाँ विद्यार्थीहरूले (कक्षा १-३ का) कार्यमूलक साक्षरता प्राप्त गर्नेछन्

**१८,७२०**
विद्यार्थीहरूले (कक्षा १-१० का) बालमैत्री खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधामा पहुँच पाउनेछन्

**१४,०४०**
अभिभावकहरूले बालबालिकाहरूलाई घरमा उत्प्रेरणामूलक सिकाइ वातावरण उपलब्ध गराउनेछन्

**२३४**
शिक्षकहरूले बालबालिकाहरूलाई बालकेन्द्रित शिक्षण सिकाइ विधि अवलम्बन गरी सिकाउनेछन्

**१,०१,८९५**
पठन सामग्रीहरू बालबालिकाहरूले प्रयोग गर्नेछन्

दिगो विकास लक्ष्यहरू

8 गुणस्तरीय शिक्षा

## हामीले यो कसरी हासिल गर्छौं ?

शिक्षक तालिम, पढाइ शिविर र परिस्कृत उपयोगी सिकाइ सामग्रीहरूमार्फत् सिकाइ वातावरणमा परिवर्तन गरेर

विद्यालयहरूलाई विपद् जोखिम व्यवस्थापनका लागि सक्षम बनाएर तथा सुरक्षित सिकाइ वातावरण सिर्जना गरेर

घरमा सिकाइ वातावरण सिर्जना गर्न लगाएर र सामुदायिक सहभागितामार्फत बालबालिकाहरूको जीवनपर्यन्त शिक्षामा जोड दिएर

परिस्कृत शैक्षिक सुविधाहरूको निम्ती तिनको अनुगमन तथा पैरवीका लागि समुदायहरूलाई सक्षम बनाएर

## हाम्रा विधिहरू

### साक्षरता प्रवर्द्धन

कक्षाकोठाको सिकाइ वातावरण र समग्र प्रणालीको मूल्याङ्कन तथा सुदृढीकरण गर्ने, अभिभावकहरु र समुदायलाई संलग्न गराउने (कक्षा १-३ मा)

**मुख्य क्रियाकलापहरू**

- बालबालिकाहरूको पढाइ सीप स्तर मापनका लागि पढाइ सीप मुल्यांकन गर्ने
- कक्षाकोठाभित्र पढाइका ५ वटा मुख्य सीपहरू समावेश गर्नका लागि शिक्षकहरूलाई तालिम दिने
- अभिभावकहरु र समुदायलाई परिचालन गरि बालबालिकाहरूका निम्ति घर र समुदायमा सिकाई अनुकुल वातावरण सिर्जना गर्ने
- स्थानीय भाषा र मातृभाषामा पठन सामग्रीहरू निर्माण गर्ने

### बृहत् विद्यालय सुरक्षा

सुरक्षित सिकाइ सुविधाहरू निमार्ण गर्ने र विद्यालयमा विपद् जोखिम कम गर्न सहयोग गर्ने

**मुख्य क्रियाकलापहरू**

- विद्यालय व्यवस्थापन समितिहरूसँग सहकार्य गर्ने तथा विद्यालयहरूका संरचनाहरु मर्मत संभार गरि बालमैत्री, अपाङ्गमैत्री तथा सुरक्षित बनाउने
- जोखिम न्यूनीकरण तथा अल्पीकरणका लागि विद्यालयहरूलाई विपद् जोखिम व्यवस्थापन योजना निर्माण गर्न सघाउने
- विद्यार्थीहरु र शिक्षकहरूलाई विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षा सम्बन्धी सीप सिकाउने तथा सक्षम बनाउने

### नागरिक आवाज र कर्तव्य

सिकाइमा सुधार ल्याउन नागरिक संल्गनता तथा सामुदायिक भेलालाई सक्रिय बनाउने

**मुख्य क्रियाकलापहरू**

- सरकारले विद्यालयका निम्ति तोकेका न्यूनतम् मापदण्ड तथा नीतिहरूबारे समुदायहरूलाई सुसूचित गराउने
- समुदायहरूलाई सेवा प्रदायकसँग सेवा प्रवाहमा जवाफदेहिताको माग गर्ने सक्षम बनाउने
- समुदायहरूलाई तोकिएका मापदण्डहरू विद्यालयले पूरा गरे नगरेको अनुगमन गरी नीति निर्माताहरूलाई सुझाव सक्षम बनाउने




## कार्य क्षेत्र

१. कैलाली
२. डोटी
३. अछाम
४. जुम्ला
५. लमजुङ
६. सिन्धुली
७. उदयपुर


info_nepal@wvi.org
www.wvi.org/nepal
@wvinpl
@wvinepal
@WVNepal